# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
# Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाडौं । फोन नं.: ०१-४५३४९२१/२२

## आवश्यकता

(प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/११/२५)

यस वित्तीय संस्थामा रिक्त रहेका तपसिल बमोजिमका पदहरु खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका उमेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस वित्तीय संस्थाको वेवसाईट www.swbbl.com.np मा तोकिए बमोजिम दरखास्त दिनुहुन आव्हान गरिन्छ । वित्तीय संस्थाको हितलाई ध्यानमा राखी प्राप्त दरखास्तहरु कारण खोली वा नखोली अस्वीकृत गर्ने वा यस विज्ञापनलाई रद्द गर्ने सबै अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ ।

**तपसिल**

१. **विज्ञापन नं.,पद, आवश्यक संख्या, आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव तथा सीप**

| विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता तथा सीप | कार्यअनुभव/अन्य |
|---|---|---|---|---|---|
| २/०८१/८२ | कनिष्ठ सहायक प्रशिक्षार्थी (तालिमे) | ४ख | केही | मान्यता प्राप्त शिक्षण संस्था/बोर्डबाट न्यूनतम एस.एल.सी. वा सो सरह उत्तीर्ण भएको हुनपर्नेछ । नेपाल परीक्षा बोर्डबाट संचालित एस.ई.ई. परीक्षामा सहभागी भएकाहरुको हकमा उक्त परीक्षामा स्तरीकृत अङ्क न्यूनतम १.६ (उपलब्धिस्तर "डि") हासिल गरेको हुनुपर्नेछ । | १) आधारभूत कम्प्युटर तालिम लिएको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ ।<br>२) लघुवित्त संस्थाको कार्य अनुभव भएका तथा मोटरसाईकल/स्कुटरका चालक अनुमतिपत्र प्राप्त गरेकालाई प्राथमिकता दिइनेछ ।<br>३) वित्तीय संस्थाको कार्यक्षेत्रका बासिन्दा तथा ग्राहक सदस्यहरुका परिवारका सदस्यहरुलाई प्राथमिकता दिइनेछ । |
| ३/०८१/८२ | सहायक प्रबन्धक प्रशिक्षार्थी (तालिमे) | ६ | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक सरहको BCom/BBS/ BBA वा Equivalent Degree उत्तीर्ण गरेको हुनुपर्नेछ । | |

२. **उमेर :** विज्ञापन नं २ को लागि दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा विज्ञापन नं ३ को लागि दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । तर महिला उमेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । वित्तीय संस्थामा कार्यरत कर्मचारीको हकमा उमेरको हद लागू हुने छैन ।

३. **प्रतियोगिताको किसिम :** (क) लिखित परीक्षा (ख) फिल्ड अवधारणा (ग) कम्प्युटर संचालन (वर्ड, एक्सेल, पावरप्वाइन्ट, इमेल, इन्टरनेट आदि) सम्बन्धी प्रयोगात्मक परीक्षा (घ) अन्तरवार्ता ।

४. **सर्ट लिष्ट :** लिखित परीक्षाको लागि प्राप्त दरखास्तहरु मध्ये वित्तीय संस्थाले तोकेको योग्यता पुगेको आधारमा छोटो सूची तयार गरिनेछ । सो सूचीमा छनौट भएका आवेदकहरुलाई परीक्षा हुने मिति, समय र स्थानको सूचना वित्तीय संस्थाको वेवसाइट www.swbbl.com.np मा प्रकाशन गरी जानकारी गराइनेछ ।

५. **पाठ्यक्रम :** लिखित परीक्षाको पाठ्यक्रम वित्तीय संस्थाको वेवसाइट www.swbbl.com.np मा सूचना प्रकाशन गरी जानकारी गराइनेछ ।

६. **दरखास्त दस्तुर:** कनिष्ठ सहायक प्रशिक्षार्थी (तालिमे) र सहायक प्रबन्धक प्रशिक्षार्थी (तालिमे) को दरखास्त दस्तुर बापत क्रमश: रु.५००/- र रु.१०००/- देहाय बमोजिमको खातामा दाखिला गर्नुपर्नेछ ।

| | |
|---|---|
| **Bank Name** | Machhapuchchhre Bank Limited |
| **Branch** | Thapathali |
| **Accountholders' Name** | Swabalamban Laghubit Bittiya Sans |
| **Account Number** | 0140016220600016 |

दरखास्त दस्तुर दाखिला गरेको बैंक भौचर वित्तीय संस्थाको वेवसाईटमा तोकिए बमोजिम संलग्न गरी पेश गर्नुपर्नेछ । दरखास्त दस्तुर बुझाएका आवेदनहरु मात्र मान्य हुनेछन् । विज्ञापन रद्द भएको अवस्थामा मात्र बुझाएको दरखास्त दस्तुर फिर्ता हुनेछ ।

७. लिखित परीक्षा, फिल्ड अवधारणा, कम्प्युटर संचालन सम्बन्धी प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताबाट वित्तीय संस्थालाई आवश्यक दरबन्दी संख्यासम्मका योग्यताक्रमानुसार सिफारिस भएका उमेदवारहरुलाई वित्तीय संस्थाको नियमानुसार तालिमेको रुपमा खटाइनेछ । अन्य उपयुक्त उमेदवारहरुलाई रोष्टरमा राखी पछि आवश्यकता बमोजिम तालिममा सहभागी हुन बोलाउन सकिनेछ ।

८. तालिमेको तालिम अवधि ६ महिनाको हुनेछ । तालिम अवधिको कार्यसम्पादन मूल्याङ्कन सन्तोषजनक भएका तालिमेहरु मध्येबाट वित्तीय संस्थाको आवश्यकता अनुसारको संख्यामा तत्काल नियुक्त गर्न वा सबै तथा बाँकी अन्य उमेदवारहरुलाई सम्भावित उमेदवारको रोष्टरमा राख्न सकिनेछ । कार्य सम्पादन सन्तोषजनक नभएमा वित्तीय संस्थाको प्रचलित कर्मचारी सेवा विनियमावली बमोजिम हुनेछ ।

९. तालिम अवधिभर वित्तीय संस्थाको नयाँ कर्मचारी भर्ना तथा सुविधा सम्बन्धी कार्यविधिमा तोकिए बमोजिमको सुविधा उपलब्ध हुनेछ । सो बाहेक अन्य कुनै सुविधा उपलब्ध हुने छैन ।

१०. छनौट भएका तालिमेले वित्तीय संस्थाले खटाएको जुनसुकै कार्यालयमा बसी तालिममा सहभागी हुनुपर्नेछ ।

११. दरखास्त पेश गर्ने अन्तिम मिति : वि.सं.२०८१ साल चैत्र १० गते आइतबारसम्म हुनेछ ।